# इस्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड – १, संख्या –१७, चैत्र १३ गते, २०७४ साल**

### भाग – २

### सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना :-** नेपालको संविधान, २०७२ ले शिक्षाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ भने नेपाल सरकारले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क गर्ने नीति लिएको छ । मौलिक हकको रुपमा रहेको शिक्षाको हकलाई कार्यान्वयन गर्न पर्याप्त मात्रामा विद्यालयहरु स्थापना हुन सकेका छैनन् भने सन्चालन अनुमति पाएर पनि दरवन्दि स्वीकृत नहुँदा समुदायले निजी श्रोतमा शिक्षकहरु व्यवस्था गरी पठनपाठनलाई नियमित गराएका छन् । यस परिप्रेक्ष्यमा इस्मा गाउँपालिकाको आ.व. २०७४।७५ को वार्षिक नीति तथा कार्यक्रम र बजेटमा त्यस्ता सञ्चालन अनुमति पाएका तर दरवन्दि स्वीकृत नभइ

समुदायले शिक्षक व्यवस्था गरी सञ्चालन गरेका विद्यालयमा आर्थिक अनुदान दिने व्यवस्था गरेको छ । साथै इस्मा गाउँपालिकाको नगर शिक्षा नियमावली २०७४ को नियम १०६ मा व्यवस्था गरे बमोजिम यस्ता सामुदायिक विद्यालयहरुमा निकासा गर्ने आर्थिक अनुदानलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

(१) **संक्षिप्त नाम** :- यस कार्यविधीको नाम “**इस्मा गाँउपालिकाको सामुदायिक विद्यालय तथा बालविकास केन्द्रलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि २०७४**” रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

(२) **विद्यालयलाई आर्थिक अनुदान उपलब्ध गराउने** :-१) इस्मा गाउँपालिका भित्र रहेका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक (९-१०) तहमा स्वीकृत दरबन्दी शून्य तथा न्युनतम दरबन्दी नरहेका सामुदायिक विद्यालयहरुलाई अपुग दरबन्दीलाई आधार बनाई गाउँपालिकाले एकमुष्ठ अनुदान दिन सक्नेछ ।

२) विद्यालयहरुमा देहाय बमोजिम रकम उपलब्ध गराइनेछ :-

क) प्रा.वि. तह (१देखी ३ तथा १ देखी ५) सन्चालन भएका तर शुन्य दरबन्दी रहेका, न्युनतम दरबन्दी नभएका प्रति विद्यालयहरुलाई एकमुष्ठ रुपमा रु. ५६,०००। उपलब्ध गराउन सक्नेछ ।

ख) नि.मा.वि. तह (६ देखी ८) सञ्चालन भएका तर शुन्य दरबन्दी रहेका र न्युनतम दरबन्दी नभएका विद्यालयहरुलाई प्रति अपुग दरबन्दी संख्याको आधारमा प्रति विद्यालय रु. ५६,०००। उपलब्ध गराउन सक्नेछ ।

ग) मा.वि. तह (९ देखी १०) सञ्चालन भएका तर शुन्य दरबन्दी रहेका र न्युनतम दरबन्दी नभएका विद्यालयहरुलाई प्रति अपुग दरबन्दी संख्याको आधारमा प्रति विद्यालय रु. ५६,०००। का दरले रकम उपलब्ध गराउन सक्नेछ । साथै थप रु. १०००००। रकम उपलब्ध गराउन सकिने छ ।

घ) मा.वि.तह (११ देखी १२) सञ्चालन भएका तर न्यनतम दरबन्दी उपलब्ध नभएका विद्यालयलाई एकमुष्ठ रु. १०००००। अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) दफा २ अनुसार प्रदान गरिने रकम विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार शिक्षकको पारिश्रमिक, विद्यालयको गुणस्तर सुधारका कार्यक्रममा खर्च गुर्नपर्नेछ ।

(४)दफा (१),(२) र (३) अनुसार दिईएको अनुदान विद्यालयमा रहेका निजी श्रोतमा नियुक्ति पाएका शिक्षकहरुलाई तह अनुसारको तलब स्केलमा नबढ्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नुपर्नेछ ।

**ख) विद्यालयलाई अनुदान प्रदान गर्ने विधि :-**

(१) सम्बन्धित विद्यालयबाट निजी श्रोतको स्वीकृत दरबन्दी, शिक्षकको तहगत बिवरण सहित विद्यालय व्यवस्थापन समितिको अनुदान माग गर्ने निर्णय प्रतिलिपी सहितको निवेदन विद्यालयले गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(२) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको निवेदन प्राप्त भएपछि गाउँकार्यपालिका अथवा गाउँ शिक्षा समितिले विद्यालयलाई उपलब्ध गराउने अनुदान रकम यकिन गर्ने छ ।

(३) उपदफा (२) बमोजिम निर्णय भै सकेपछि गाउँपालिकाको शिक्षा शाखाबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विद्यालयको खातामा निकासा दिने व्यवस्था मिलाउनेछ ।

**२) बालविकास केन्द्र सम्बन्धी कार्यविधि :-**

**क) बाल बिकास केन्द सञ्चालन गर्न सकिनेः-**

१) गाउँपालिका भित्र बालशिक्षा सहयोगी कार्यकर्ता स्वीकृत दरबन्दी नभएका सामुदायिक विद्यालयहरुमा बालशिक्षा व्यवस्थापन गर्न

गाउँपालिकाले वार्षिक रु.७८०००।-(अठहत्तर हजार) एकमुष्ठ अनुदान दिन सक्नेछ । साथै सबै विद्यालयहरुमा बाल विकास केन्द्र व्यवस्थापन गर्न सक्नेछ ।

२) दफा (१) बमोजिमको रकम विद्यालयले निम्नानुसार खर्च गर्नुपर्नेछ :-

- बालशिक्षा केन्द्र सहयोगी कार्यकर्ताको पारिश्रमिक, भत्ता, सिकाई सामाग्रीहरु जस्तै बलक, पुतली, नरम खेलौना, नरम बल, रिङ आदि खरिद र बालशिक्षा कक्षाकोठा व्यवस्थापन ।

३) दफा (२) को उपदफा (१) बमोजिमको रकम सम्बन्धित विद्यालयमा निरन्तर सेवारत बालशिक्षा केन्द्र सहजकर्ताले मिति २०७४ साउन १ देखि तलब भत्ता पाउनेछ ।

ख) अनुदान दिने विधि :- बालशिक्षा केन्द्र सहयोगी कार्यकर्ताको स्वीकृत दरबन्दी नभएको तथा बालशिक्षा केन्द्रमा ५ जना भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन् भन्ने वि.व्य.स.को निर्णय सहितको सम्बन्धित विद्यालयको निवेदनको आधारमा गाउँ कार्यपालिका वा गाउँ शिक्षा समितिको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने र प्रमुख प्रशासकीय अधिकृतले दफा (क) १ बमोजिमको रकम विद्यालयको खातामा रकम निकासा गर्ने व्यवस्था मिलाउनेछ ।

४) **संसोधन, खारेजी र बचाउ :-** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ । यस अघि भएका काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मिति : २०७४/१२/१५**

**आज्ञाले,**
**सरोज कुमार पोख्रेल**
**प्रमुख प्रशासकीय अधिकृत**